## आर्थिक बर्ष २०७७/०७८ को

# विनियोजन ऐन

माण्डवी गाउँपालिका

प्युठान जिल्ला

प्रदेश नं. ५

२०७७

सभाबाट स्वीकृत मितिः२०७७/३/२५

# माण्डवी गाउँपालिकाको विनियोजन, २०७७

माण्डवी गाउँपालिकाको आर्थिक बर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः माण्डवी गाउँपालिकाको आर्थिक बर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम माण्डवी गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**माण्डवी** गाउँपालिकाको विनियोजन ऐन, २०७७"रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०७७/०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७७/०७८ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च,समपुरक कोष विषेश कोष र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३७९७७१९८०।– (अक्षरुपी सैतिस करोड सन्तानव्वे लाख एकहत्तर हजार नै सय असि रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐन सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/०७८ को निमित्त माण्डवी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची– १

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र. स. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | **संञ्चित कोषमा प्राप्त हुने अनुमानित रकम** | | | | | |
| १ | | वित्तिय समानिकरण अनुदान संघिय सरकार | | ७४६००००० ।– | | |
| २ | | वित्तिय समानिकरण अनुदान प्रदेश सरकार | | ५०४८००० ।– | | |
| ३ | | शसर्त अनुदान संघिय सरकारबाट | १४१४०००००।– | | | |
| ४ | | शसर्त अनुदान प्रदेश सरकारबाट | ६८५००००।– | १५०००००० ।– | | |
| ५ | | विशेष अनुदान संघिय सरकारबाट | १०००००००० ।– | | | |
| ६ | | विशेष अनुदान प्रदेश सरकारबाट | ६००००००।– | | | |
| ७ | | समपुरक अनुदान संघिय सरकारबाट | | ११८००००० ।– | | |
| ८ | | समपुरक अनुदान | १०००००००।– | ५०००००० ।– | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रदेश सरकारबाट | | | | |
| ९ | | राजश्व बाडफाट संघिय सरकारबाट | ६१७५३९८० ।– | | | |
| १० | | राजश्व बाँडफाट प्रदेश सरकारबाट | ३७१०००० ।– | | | |
| ११ | | आन्तरिक आम्दानी अनुमानित | ११४१०००० ।– | | | |
| १२ | | आन्तरिक आम्दानी अनुमानित अल्या रकम | १७२००००० ।– | | | |
| | | जम्मा | **२६८३२३९८० ।–** | **१११४४८००० ।–** | | **३७९७७१९८० ।–** |
| **संचितकोषबाट खर्च हुने** | | | | | | |
| | | | | | | |
| १ | | गाउँ कार्यपालिका | २४२९८२०००/- | १०६२८९९८०/- | | ३४९२७१९८०/- |
| २ | | वडा समिति | १३००००००।– | १७५०००००।– | | ३०५०००००/- |
| | | | | जम्मा | | ३७९७७१९८०/- |
| **विषयगत शाखा तर्फ** | | | | | | |
| क) | | आर्थिक विकाश तर्फ | ३४०००००० ।– | ११८००००० ।– | | ४५८०००००/- |
| ख) | | सामाजिक विकाश शाखा | १५६२८२००० ।– | | | |
| ग) | | पुर्वाधार विकास तर्फ | | १११९८९९८० ।– | | १११९८९९८० ।– |
| घ) | | शुसासन तथा संस्थागत विकाश शाखा | ६३३०००००/- | | | ६३३०००००/- |
| ङ) | | वन बातावरण तथा विपद् व्यबस्थापन शाखा | २४०००००/- | | | २४०००००/- |
| **जम्मा** | | | **२५५९८२०००।–** | **१२३७८९९८०/-** | | **३७९७७१९८०/-** |